# पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस बैंकको सञ्चालक समितिको मिति २०६९ फाल्गुण १८ गते बसेको ३७१औं बैंठकको निर्णय बमोजिम यस बैंकको **पन्ध्रौं वार्षिक साधारण सभा** निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०६९ चैत्र २९ गते बिहीबार (April 11, 2013)
स्थान : होटेल निर्वाणाको सभाहल, पक्लिहवा रोड, सिद्धार्थनगर, रुपन्देही ।
समय : बिहान १०:०० बजे ।

**सभाको विषय सूची**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०६९ आषाढ मसान्तसम्मको वासलात, सो मितिमा समाप्त आर्थिक वर्ष २०६८/६९ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६९/७० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिबाट सिफारिश भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ५% बोनस शेयर जारी गर्ने र सो बोनस शेयरमा लाग्ने कर वापत ०.२६% नगद लाभांश बिनियोजन गर्ने बारेको विशेष प्रस्ताव ।
२. बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव :
   अ. पूँजी वृद्धि (प्रस्तावित बोनस शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम मिलान गर्ने) ।
   आ. बैंकको नियमावलीको नियम ३१.१ (ग), (घ) र (ङ) संशोधन बारेको विशेष प्रस्ताव ।
३. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धी विशेष प्रस्ताव ।
   अ. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) सञ्चालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरी सो समितिले वा सञ्चालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
   आ. नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्वन्धी विनीयमावलीमा तोकिए बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी हस्तान्तरण गर्ने ।
४. बैंकको प्रबन्ध पत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंकले फेरबदल गरेमा आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अधिकार दिने ।

**सञ्चालक समिति आज्ञाले**

**(ग) विविध :**

**रमेश राज अर्याल**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी जानकारी

१. बैंकको शेयर दाखिल खारेज किताब मिति २०६९/१२/४ देखि २०६९/१२/२९ सम्म बन्द रहने छ । मिति २०६९/१२/२ गतेसम्म नेपाल स्टक एक्स्चेन्ज लि.मा शेयर कारोवार भई मिति २०६९/१२/११ गते सम्ममा बैंकको शेयर रजिष्ट्रार, एन.सि.एम.मर्चेन्ट बैंकिङ्ग लिमिटेडमा दर्ता भएका शेयरहरुलाई मात्र साधारण सभा अघि नामसारी दाखिल खारेज गरिनेछ ।

२. सभामा भाग लिन इच्छुक शेयरधनीहरुले सभाकक्ष भित्र प्रवेश गर्नका लागि अनिवार्य रुपले प्रवेशपत्र, शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाण-पत्र वा अन्य कुनै परिचय-पत्र) साथमा ल्याउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

४. शेयरधनी लगतमा कायम रहेको ठेगानामा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना सहित सभा सम्बन्धी अन्य कागजात (संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र) पठाईने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश यो सूचना नपाउनु भएमा यसैलाई सूचना मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र लिई सभामा भाग लिनुहुन अनुरोध गरिन्छ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा हुनु भन्दा ९६ घण्टा अगावै **अर्थात मिति २०६९/१२/२५ बिहान १०:०० बजेभित्र** बैंकको कर्पोरेट अफिस, बागवजार, काठमाण्डौ स्थित शेयर शाखामा दर्ता गराई सक्नु पर्नेछ । उक्त दिन बिदा परेमा उल्लेखित प्रयोजनको निमित्त शेयर शाखा खुल्ला राखिनेछ ।

६. प्रतिनिधि नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित हुन चाहेमा वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै **अर्थात मिति २०६९/१२/२७ बिहान १०:०० बजेभित्र** बैंकको कर्पोरेट अफिस, बागवजार, काठमाण्डौ स्थित शेयर शाखामा उपलब्ध गराई सक्नु पर्नेछ र यस्तो सूचना प्राप्त भएमा दिइसकेको प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

७. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई अख्तियारनामा दिएमा पहिलो पटक दर्ता हुन आएको अख्तियारनामालाई मान्यता दिइनेछ र पछिल्लो पटक दर्ता हुन आएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

८. नावालक वा विक्षिप्त व्यक्ति शेयरधनीको तर्फवाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि तोक्न पाउनेछ तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नुहुने छैन ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

१०. शान्ति सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा उपस्थित हुँदा झोला र अन्य त्यस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । सभाको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरुले सभा स्थलमा प्रवेश गर्ने सबैको झोला वा शरीर जाँच गर्न सक्नेछन् ।

११. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको कर्पोरेट अफिस, बागवजार, काठमाण्डौ स्थित शेयर शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध छ। साथै बैंकको वेभ साईट www.nccbank.com.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ ।

# सञ्चालक निर्वाचन सम्बन्धी

१. सञ्चालक पदमा उम्मेदवार हुन चाहने सर्वसाधारण शेयरधनीले आफ्नो नाममा कम्तीमा ५० कित्ता शेयर लिएको हुनुपर्दछ ।

२. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले दफा १४ मा उल्लेख भए बमोजिम बैंकको कर्पोरेट कार्यालय, बागवजारमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र बैंकको एक जना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउनु पर्नेछ । उम्मेदवारीवाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोही निर्वाचन सम्बन्धी कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नु पर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक र समर्थक हुन सक्ने छैन ।

३. यस बैंकको सञ्चालक निर्वाचन निर्देशिका शेयरधनीहरुले यस बैंकको कर्पोरेट कार्यालयवाट रू. १००/- शुल्क तिरी प्राप्त गर्न सक्ने छन् । निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रम बैंकको कर्पोरेट कार्यालय, बागवजारको सूचना पाटीमा टाँसिने छ ।

४. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । उक्त सूचना बैंकको कर्पोरेट कार्यालय, बागवजारमा प्रकाशित गरिनेछ ।

**नोटः आदरणीय शेयरधनी महानुभावहरुको सुविधाको लागि शेयर प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनको लागि अनुरोध गरिन्छ ।**

# आर्थिक वर्ष २०६८/६९ को संक्षिप्त आर्थिक विवरण

यहाँ प्रस्तुत वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. को वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो। शेयरधनी महानुभावहरुले बैंकको केन्द्रीय कार्यालय, सिद्धार्थनगर तथा कर्पोरेट कार्यालय, बागवजार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी वा बैंकको वेभ साइट www.nccbank.com.np बाट बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा पेश गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनको पूर्ण विवरण निरीक्षण गर्न र प्राप्त गर्न सक्नुहुनेछ।

**शेयरधनी महानुभावहरु,**

## १. देशको आर्थिक अवस्था

दोश्रो जनआन्दोलन पश्चात सफलतापूर्वक संविधान सभाको चुनाव सम्पन्न भएतापनि सोको खारेजी समेतबाट मुलुकमा अझै पनि विगत केही समयदेखि राजनैतिक संक्रमण कायमै रहेको, शान्ति सुरक्षामा अपेक्षित सुधार नदेखिएको, विद्युत आपूर्तिको समस्या र सरकारी बजेट संचालन तथा पूँजीगत खर्चमा देखिएको शिथिलताका कारण देशको अर्थतन्त्रले कुनै सकारात्मक गति लिन सकेको छैन। सरकारले आर्थिक विकास र सम्वृद्धिको कार्ययोजना सार्वजनिक गरेको भएतापनि कार्यान्वयनमा निष्कृयताका कारण यसले देशको अर्थतन्त्रमा खासै असर पारेको देखिदैन।

आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ४.६ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.८ प्रतिशत रहेको थियो।

चालू आर्थिक वर्षको पहिलो ६ महिनामा मौसम प्रतिकूलताको कारण प्रमुख वर्षे बालीहरुको उत्पादनमा ह्रास आएकोले समग्र कृषिक्षेत्रको उत्पादनको वृद्धिदर न्यून स्तरमा रहेको छ। त्यस्तै औद्योगिक र सेवाक्षेत्र जस्ता गैर कृषिक्षेत्रको प्रगति पनि उत्साहजनक देखिदैन।

### आ.व. २०६९/७० को प्रथम ६ महिनाको बैंक तथा वित्तीय संस्थाहरुको स्थिति

आर्थिक वर्ष २०६९/७० को ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ५.३ प्रतिशत अर्थात रू. ५४ अरब १२ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन १०.४ प्रतिशतले बढेको थियो। वाणिज्य बैंकहरुको मात्र निक्षेप परिचालन ४.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ११.४ प्रतिशतले बढेको थियो। यस अवधिमा खासगरी विप्रेषण आयको वृद्धिदरमा कमी आउनुको साथै सरकारी खर्चमा ह्रास आई नगद मौज्दात उल्लेख्य रुपमा बढेकोले बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन प्रभावित भएको हो।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ६.५ प्रतिशत अर्थात रू. ५५ अर्ब २५ करोडले बढेको छ। वाणिज्य बैंकहरुको मात्र कर्जा तथा लगानी १०.७ ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ७.८ प्रतिशतले बढेको थियो।

बैंक तथा वित्तीय क्षेत्रको लगानी कृषि, उर्जा लगायत उत्पादनशील क्षेत्रमा विस्तार गराई अर्थतन्त्रको दिगो विकासको लागि उत्पादन, रोजगारी र आय आर्जन अभिवृद्धि गर्ने उद्देश्यले अबलम्बन गरेको नीतिगत उपायहरुको कारण यस क्षेत्रमा हाल केही सकारात्मक परिणाम देखिन थालेको छ। फलस्वरुप आर्थिक वर्ष २०६८/६९ को ६ महिनामा २१ प्रतिशतले बढेको कृषि क्षेत्रतर्फ प्रवाहित कर्जा समीक्षा अवधिमा २८.८ प्रतिशतले बढेको छ। त्यस्तै अघिल्लो वर्षको ६ महिनामा १२ प्रतिशतले बढेको उत्पादन क्षेत्रतर्फको कर्जा समीक्षा अवधिमा १३.९ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तार उच्च रहेको तुलनामा निक्षेपको वृद्धि दर कम रहेको कारण तरलकोष १५.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कोष ९.१ प्रतिशतले बढेको थियो।

## २. बैंकको कारोवार तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०६४/६५ देखि नै यस बैंकले सकारात्मक रुपमा आफ्नो व्यवसायलाई अगाडि बढाउदै लगेको क्रममा आ.ब. २०६८/६९ मा पनि यस्ले निरन्तरता पाउन सकेको छ। आ.ब. २०६४/६५ देखि २०६८/६९ को बीच बैंकले हासिल गरेको प्रगति विवरण निम्नानुसार रहेको छ :

रू. करोडमा

| विवरण | २०६५ आषाढ | २०६६ आषाढ | २०६७ आषाढ | २०६८ आषाढ | २०६९ आषाढ |
|---|---|---|---|---|---|
| कुल निक्षेप | ७,३२.०० | ९,१२.८० | १०,८२.५० | १०,९५.१४ | १६,४८.५३ |
| कुल कर्जा | ५,२८.१० | ७,१८.४० | ८,३८.८० | ९,२२.९८ | १२,९०.०६ |
| व्यवस्था अगाडिको नाफा | २८.३९ | ३८.६८ | ३७.६१ | ३४.८० | ३०.६३ |
| कर अगाडिको नाफा | ६३.१५ | ५६.५१ | ५७.२३ | ३५.०० | २६.३० |
| कर पछिको खुद नाफा | ४९.८८ | ४१.५५ | ४२.३८ | २२.०९ | १७.७६ |
| प्रति शेयर आम्दानी | ३५.६३ | २९.३५ | ३०.२८ | १५.७८ | १२.६९ |
| चुक्ता शेयर पूँजी | १४०.०० | १४०.०० | १४०.०० | १४०.०० | १४७.०० |
| जगेडा कोष | (७१.४५) | (३०.०६) | १२.३० | ३४.२३ | ३७.७८ |
| शेयरधनी कोष | ६८.५१ | १०९.९० | १५२.३० | १७४.४२ | १९२.२६ |
| प्रतिशेयर कितावी मूल्य रु. मा | ४८.९३ | ७८.४९ | १०८.७९ | १२४.५९ | १३०.७९ |
| पूँजीकोष अनुपात | ११.०९% | ११.०७% | १३.९४% | १३.४८% | ११.७७% |
| कर्जा निक्षेप अनुपात | ७२.१४% | ७८.६२% | ७७.४९% | ८४.२८% | ७८.२५% |
| निष्क्रिय कर्जा अनुपात | १६.४०% | २.७४% | २.८८% | ३.८२% | २.७३% |
| तरलता अनुपात | ४६.००% | ३०.०३% | ३७.४८% | २९.२४% | ३२.७६% |

- बैंकको कारोवारको अभिवृद्धिका कारण समीक्षा अवधिको नाफाबाट गत वर्ष सम्मको सञ्चित नोक्सानीलाई समायोजन गरी शेयरधनीहरुलाई ५ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव यसै साधारण सभामा राखिएको छ । बैंक सञ्चालन भएको १६ वर्षसम्म शेधरधनी महानुभावहरुलाई कुनै किसिमको प्रतिफल दिन नसकिरहेको अवस्थामा ५ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव राख्न पाउदा हामी उत्साहित भएका छौं ।

- समग्रमा बैंकको व्यवसाय संचालनमा केही वर्ष यतादेखि सकारात्मक परिवर्तन आएको छ र यो गतिलाई कायम गर्दै लैजान सञ्चालक समिति तथा व्यवस्थापन कटिवद्ध रहिआएको तथ्य शेयरधनी महानुभावहरुमा जानकारी गराउन चाहन्छौ ।

## ३. चालू आर्थिक वर्षको प्रथम ६ महिनाको प्रगति

चालू आर्थिक वर्षको प्रथम ६ महिनामा बैंकको सञ्चालन नतिजा निम्नानुसार रहेको जानकारी गराउन चाहन्छौः

रू. करोडमा

| विवरण | २०६९ पौष | २०६८ पौष | वृद्धि दर |
|---|---|---|---|
| कुल निक्षेप | १८,५८.६ | १३,०१.७ | ४२.८% |
| कुल कर्जा | १५,६२.२ | ९,८२.१ | ५९.१% |
| कुल लगानी | ३,०५.५ | ३,१७.६ | (३.८)% |
| व्याज आम्दानी | ९३.५ | ६९.४ | ३४.७% |
| व्याज खर्च | ५४.० | ४९.३ | ९.३% |
| व्यवस्था अगाडि सञ्चालन आम्दानी | ३३.९ | १३.६ | १४९.३% |
| खुद आम्दानी (कर पछि) | १५.६ | ७.४ | ११०.८% |
| पूँजी पर्याप्तता अनुपात | ११.०८% | १३.३९% | (२.३१)% |
| कर्जा/निक्षेप अनुपात | ७६.४९% | ६८.११% | ८.३८% |
| निष्क्रिय कर्जाको अनुपात | २.९८% | ४.३९% | (१.४१)% |

- २०६८ पौषमा बैंकको कुल निक्षेप रू. १३ अर्ब १ करोड रहेकोमा २०६९ पौष अर्थात चालू आर्थिक वर्षको पहिलो ६ महिनाको अन्त्यमा ४२.८ प्रतिशतले वृद्धि भई कुल रू. १८ अर्ब ५८ करोड निक्षेप संकलन गर्न बैंक सफल भएको छ ।

- गत वर्ष बैंकको कुल कर्जा रू. ९ अर्ब ८२ करोड रहेकोमा समीक्षा अवधिमा देशको आर्थिक क्षेत्रमा लगानीमैत्री वातावरण प्रतिकूल रहेको अवस्थामा समेत ५९.१ प्रतिशतले वृद्धि भई रू. १५ अर्ब ६२ करोड कर्जा प्रवाह भएको छ। यस अवधिमा ठूला व्यवसायिक संस्थाहरु, जलविद्युत तथा सिमेन्ट उद्योगहरुमा सहवित्तीयकरण मार्फत ऋण लगानी गरी कर्जा अभिवृद्धि गरिएको हो।
- कर्जा लगानीमा भएको अत्यधिक वृद्धिका कारण व्याज आम्दानीमा ३४.७ प्रतिशतले वृद्धि भएको छ।
- निष्क्रिय कर्जालाई ३ प्रतिशत भन्दा कममा कायम राख्न बैंक सक्षम भएको छ।
- बैंकले नेपाल राष्ट्र बैंकले तोकेभन्दा बढी पूँजी पर्याप्तता अनुपात राख्दै आएको छ। बैंकको प्रथम ६ महिनाको अन्त्यमा पूँजीकोष पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको १० प्रतिशतको तुलनामा १.०८ प्रतिशतले वृद्धि भई ११.०८ प्रतिशत रहेको छ।
- बैंकले चालू आर्थिक वर्षको पहिलो ६ महिनामा रू. १५ करोड ६० लाख खुद मुनाफा आर्जन गरेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११०.८ प्रतिशतले वृद्धि भएको छ।

उपरोक्त सूचकाङ्कलाई विश्लेषण गर्दा नयाँ व्यवस्थापनले यस बैंकको जिम्मेवारी सम्हाले पश्चात बैंकको समग्र व्यवसायमा उल्लेखनीय वृद्धि भएको छ। केही कर्जाहरुमा शत् प्रतिशत नोक्सानी व्यवस्था राख्नु परेको भएतापनि व्यवसायको अभिवृद्धिका कारणले खुद मुनाफामा राम्रै वृद्धि भएको छ।

साथै बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम २०७० आषाढ मसान्तसम्म साधारण जगेडा कोष समेत गरी बैंकको कुल चुक्ता पूँजी रू. २०० करोड पुऱ्याउनु पर्ने भएकोले आर्थिक वर्ष २०६८/६९ को सञ्चित नाफाबाट रू. ७ करोड बराबरको बोनस शेयर वितरण गरी चुक्ता पूँजी रू. १४७ करोड पुऱ्याउने प्रस्ताव गरिएको छ। बैंकको २०६९ आषाढ मसान्तमा साधारण जगेडा कोष रू. ३७.७ करोड रहेको र बोनस शेयर वितरण पश्चात चुक्ता पूँजी रू. १४७ करोड हुने भएकोले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार चुक्ता पूँजी रू. २०० करोड कायम गर्नको लागि रू. १५.३ करोड न्यून हुनेछ। उक्त चुक्ता पूँजी पुऱ्याउनको लागि चालू आर्थिक वर्षको नाफाबाट कम्तिमा ९ प्रतिशत बोनस शेयर जारी गर्नुपर्ने हुन्छ। बैंकको चालू आर्थिक वर्षको प्रथम ६ महिनाको नाफाबाट नै चुक्ता पूँजी सहजै पुग्ने देखिन्छ।

## ४. शाखा विस्तार

गत आर्थिक वर्षमा बैंकले पूर्वमा सिराहाको लाहान तथा सुदुर पश्चिमाञ्चलको कैलालीको अत्तरिया, बैतडीको गोठालापानी, डोटीको दिपायल र काठमाडौं उपत्यकाभित्र ललितपुरको कुपण्डोलमा गरी थप ५ स्थानमा शाखा विस्तार गरे पश्चात् बैंकको हाल जम्मा २२ वटा शाखाहरु सञ्चालित छन्। साथै नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी गत वार्षिक साधारण सभामा जानकारी गराइए अनुसार नै चालू आर्थिक वर्षको अन्त्यसम्ममा मध्य पश्चिमाञ्चलको प्युठानको बिजुवार तथा मध्यमाञ्चलको सर्लाहीको मलंगवामा पनि शाखा विस्तार गर्ने कार्य अगाडि बढाइएको छ। शाखा विस्तारको कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिई अघि बढ्ने लक्ष्य लिइएको छ।

## ५. आगामी योजना तथा कार्यक्रम

वर्तमान परिस्थितिमा समग्र वित्तीय क्षेत्रमा देखापरेको कडा प्रतिस्पर्धा, लगानीका सीमित अवसरहरु देशको विद्यमान राजनैतिक अवस्था र यसले अर्थतन्त्रमा परिरहेको तत्कालीन एवं दूरगामी प्रभाव समेतलाई दृष्टिगत गर्दा आगामी दिनहरु बैंकका लागि चुनौतिपूर्ण नै रहनेछ। तथापि बैंकले यस्ता आईपर्ने चुनौतिहरुलाई कुशलतापूर्वक सामना गर्दै जानेमा सञ्चालक समिति विश्वस्त छ। साथै आगामी दिनमा अझै स्तरीय र भरपर्दो बैंकिङ्ग सेवा प्रदान गरी व्यवसाय अभिवृद्धि गर्नका लागि बैंकको निम्न योजना तथा कार्यक्रमहरु रहेको छ।

- गैर बैंकिङ्ग सम्पत्तिमा रहेको सम्पत्ति लगायत बिक्री गर्न बाँकी रहेको शेयर लगानीलाई प्राथमिकताका साथ बिक्री गरी थप श्रोतको परिचालन गर्ने।
- कर्जा लगानीको अतिरिक्त गैरकोषमा आधारित आय आर्जन सम्बन्धी गतिविधिहरुमा बैंकको व्यवसायिक संलग्नता अभिवृद्धि गर्दै लैजाने।
- बैंकको निक्षेप श्रोतमध्ये बचत खाताको अनुपात उच्चतम रहँदै आएकोले सोही क्रमलाई निरन्तरता दिँदै जाने गरी बचत खाताहरुमा उच्चतम प्रतिफलको व्यवस्था गर्दै जाने।

- निक्षेप दायित्वको लागत कम गर्नका लागि चल्ती एवं बचत खाता संख्या बढाउनेतर्फ प्राथमिकता दिइने ।
- नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरे अनुसार उर्जा, पर्यटन, कृषि एवं साना तथा मझौला उत्पादनमूलक उद्योगहरुमा लगानी वढाउँदै लैजाने ।
- अपलेखन गरिएका कर्जाहरुको असूलीका लागि प्राथमिकता दिने ।
- निकट भविष्यमा नै बैंकको कर्जा प्रशासन तथा अनुगमन गर्ने कार्यलाई केन्द्रीकृत गरी स्तरीय बनाउन तथा सुदृढिकरण गर्न दक्ष तथा अनुभवी कर्मचारीको नेतृत्वमा कर्पोरेट कार्यालयमा छुट्टै कर्जा प्रशासन इकाईको स्थापना गर्ने ।
- अन्तर्राष्ट्रिय व्यापार वित्त संचालन कार्यमा एकरुपता कायम गर्न तथा अनुपालनाका लागि कर्पोरेट कार्यालयमा छुट्टै इकाई स्थापना गरी अन्तर्राष्ट्रिय व्यापार वित्त संचालन कार्यलाई केन्द्रीकृत गर्ने ।
- बैंकको कारोबारमा निहित जोखिममा हुनसक्ने सम्भावित अभिवृद्धिलाई दृष्टिगत गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन यसको व्यवस्थापनलाई अझ बढी सुदृढ गराउने ।
- बैंकको कारोवारमा अन्तरनिहित जोखिमहरुको पहिचान गरी बैंकको व्यवसाय अभिवृद्धि गर्न न्यूनतम पूँजी आवश्यकता निर्धारण गर्ने ।
- बैंकको सूचना प्रवधिलाई सुदृढ गर्दै आधुनिक प्रविधियुक्त सेवा विस्तार गर्ने तथा सेवा प्रदान गर्दा लाग्ने समय र खर्चलाई किफायती बनाउदै लैजाने ।
- हालसम्म बैंकको शाखा सञ्जाल २२ वटा रहेकोमा व्यवसायिक सम्भाब्यताको आधारमा शाखा सञ्जाल बढाउदै लैजाने ।
- कर्मचारीहरुलाई कार्य दक्षता, मनोबल तथा वृत्ति विकासको लागि उचित तालिम दिने व्यवस्था मिलाइने छ र थप उत्प्रेरणा प्रदान गरी मानव संशाधनको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाउन सहभागितामूलक व्यवस्थापन प्रणालीलाई अझै व्यवहारिक बनाउदै लगिने छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको आपसी मर्जरका सम्बन्धमा नेपाल राष्ट्र बैंकले समेत प्रोत्साहन दिइरहेको वर्तमान अवस्थामा उपयुक्त साझेदारको खोजी गर्ने कार्यलाई सशक्त बनाउने र बैंकको सुदृढिकरणलाई पहिलो प्राथमिकतामा राख्ने गरी मर्जरको लागि यथाशक्य चाँडो पहल गर्ने ।

## ६. संस्थागत सुशासन

संस्थागत सुशासन सम्बन्धी मार्गदर्शनहरु तथा नेपाल राष्ट्र बैंकबाट तोकिएको आचरण सम्बन्धी व्यवस्थाहरूको सञ्चालक समितिका सबै सदस्यहरु एवं कर्मचारीहरुले पूर्ण रुपमा परिपालना गर्दै आइरहेका छन् । साथै सञ्चालक समितिका सबै सदस्यहरु एवं कर्मचारीहरुबाट बैंकको सम्पूर्ण काम कारवाहीहरुलाई पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न बैंक सदा क्रियाशील रहेको छ ।

## ७. सञ्चालक समिति

गत साधारण सभामा संस्थापक समूह “क” ४ जेनिथ ईन्भेष्टमेन्ट प्रा. लि. का तर्फबाट मनोनित भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका श्री जीत बहादुर श्रेष्ठज्यूले मिति २०६९ आश्विन २८ गतेबाट राजिनामा दिनुभएको छ ।

यस अवसरमा श्री जीत बहादुर श्रेष्ठज्यूले पुऱ्याउनु भएको योगदानको लागि उहाँमा सञ्चालक समिति धन्यवाद ज्ञापन गर्दछ ।

संस्थापक समूह “क” १ सांग्रिला ईन्भेष्टमेन्ट प्रा.लि. का तर्फबाट मिति २०६९ आश्विन २१ गतेबाट श्री वासुदेव गिरीज्यू सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएको छ ।

साथै गत साधारण सभामा संस्थापक समूह “क” ५ एन. बि. ईन्भेष्टमेन्ट प्रा.लि. का तर्फबाट मनोनित भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका श्री पृथ्वी राज लिगलज्यूले मिति २०६९ चैत्र ७ गते राजिनामा दिनुभएकोमा

सोही मितिबाट संस्थापक समूह "क" ५ चार्टर्ड ईन्भेष्टमेन्ट प्रा.लि. का तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएको छ ।

सर्वसाधारण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालकहरु श्री वेदमान सिंह मल्लज्यू र श्री गोविन्द प्रसाद पराजुलीज्यूको ४ वर्षको पदावधि यही साधारण सभाबाट समाप्त हुने भएकोले उक्त २ पद र विगत ३ वर्ष देखि रोकिएको १ सञ्चालक पदको समेत गरी जम्मा ३ सञ्चालक पदको निर्वाचनको लागि यसै साधारण सभामा निर्वाचन कार्यक्रम राखिएको छ ।

## ८. कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको थप विवरण:

क) बैंकले नेपाल राष्ट्र बैंक सहित बैंकसँग सम्बन्धित अन्य सम्पूर्ण संघ संस्थाहरूसँग व्यवसायिक एवं सौहार्दपूर्ण सम्बन्ध कायम राखी आएको छ । बैंकको अन्य निकायहरुसँग कायम रहेको औद्योगिक तथा व्यवसायिक सम्बन्धलाई अझै बढी व्यवसायिकता तथा पारदर्शिताका साथ विकसित गर्दै लैजानु बैंकको लागि हितकर हुने कुरामा बैंक विश्वस्त रहेको छ ।

ख) बैंकको नियमित कारोबारसँग सम्बन्धित सामान्य कैफियतहरू बाहेक लेखापरीक्षण प्रतिवेदनमा अन्य कैफियतहरू रहेको छैन । उक्त सामान्य कैफियतहरू तथा लेखापरीक्षकले दिएको सुझावहरू प्रति सञ्चालक समिति सजग रहनुको अतिरिक्त सुधार योग्य कार्यहरु तत्काल अवलम्वन गर्ने कारवाही अगाडि वढाइ सकिएको छ ।

ग) बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएनुसार ५ प्रतिशत बोनस शेयर तथा उक्त बोनस शेयरमा लाग्ने कर समायोजनका लागि ०.२६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

घ) जफत गरिएको शेयर संख्या छैन ।

ङ) बैंकको कुनै पनि सहायक कम्पनी रहेको छैन । बैंकको प्रगति हकमा बुँदा नं.२ मा उल्लेख गरिएको छ ।

च) आधारभूत शेयरधनीले बैंकलाई जानकारी गराउनुपर्ने सम्बन्धमा कम्पनी ऐनले गरेको व्यवस्था अनुरुप समीक्षा वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुबाट कुनै पनि जानकारी प्राप्त भएको छैन ।

छ) आ.व. २०६८/०६९ मा बैंकका सञ्चालक तथा पदाधिकारीहरूले बैंकको शेयर लिएका छैनन् । तर हाल कार्यरत प्रमुख कार्यकारी अधिकृत श्री अमृत चरण श्रेष्ठको एकाघर परिवारका श्रीमती शान्ता श्रेष्ठको नाममा मिति २०६५/८/१ मा खरिद गरिएको संस्थापक शेयर ३,६४३ कित्ता र सर्वसाधारण शेयर १,३५७ कित्ता गरी जम्मा ५,००० कित्ता शेयर रहेको छ ।

ज) विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ रहेको कुनै जानकारी प्राप्त भएको छैन ।

झ) बैंकले हालसम्म आफ्नो शेयर आफै खरिद गरेको छैन ।

ञ) बैंकमा आन्तरिक नियन्त्रण प्रणाली विद्यमान छ । दैनिक रूपमा कर्मचारीहरूले गर्ने कार्यको आफूभन्दा एक तह माथिका कर्मचारीहरूबाट अनिवार्य रूपमा स्वीकृत गर्नुपर्ने व्यवस्था मिलाइएको छ । यसका अतिरिक्त विभिन्न कर्मचारी तथा पदाधिकारीहरूको अख्तियारी सीमाको व्यवस्था रहेको छ । बैंकिङ्ग कारोबारका विभिन्न क्षेत्रहरूमा पर्याप्त आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ । आन्तरिक नियन्त्रण प्रणाली पालना गरे नगरेको तथा यसमा निरन्तर अध्ययन गरी सुधार गर्नको लागि एक छुट्टै आन्तरिक लेखापरीक्षण विभागको व्यवस्था गरिएको छ । आन्तरिक लेखापरीक्षण विभागले वार्षिक कार्ययोजना बनाई कार्य सम्पादन गरिरहेको छ ।

ट) व्यवस्थापन खर्चको विवरण :

| | |
|---|---|
| कुल कर्मचारी खर्च | रू.१४,६३,०४,३६१/- |
| कुल कार्यालय संचालन खर्च | रू.१५,६६,९६,९५४/- |
| **कुल व्यवस्थापन खर्च** | **रू.३०,३०,०१,३१५/-** |

ठ) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण :

आ.व. २०६८/६९ मा विद्यमान लेखापरीक्षण समितिका सदस्यहरूको नामावली निम्नानुसार रहेको :

श्री वेदमान सिंह मल्ल, सञ्चालक - संयोजक
श्री नारायणराज तिवारी, सञ्चालक - सदस्य
श्री गोविन्द प्रसाद पराजुली, सञ्चालक - सदस्य

समितिका संयोजक एवं सदस्यज्यूहरूलाई समितिको बैठक भत्ता स्वरूप रू. २,५००/- भुक्तानी दिने गरिएको छ। आ.व. २०६८/६९ मा लेखापरीक्षण समितिको जम्मा १० वटा बैठक वसेको छ।

लेखापरीक्षण समितिले बैंकको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन र आन्तरिक लेखापरीक्षण कार्यक्रम आदिबारे नियमित समीक्षा गर्ने गर्दछ। लेखापरीक्षण समितिले आन्तरिक तथा वाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरू उपर आवश्यक छलफल गरी सुधारका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन तथा सुझाव दिनुका साथै सो को जानकारी सञ्चालक समितिलाई नियमित रूपमा दिने गर्दछ।

ड) एन. वि. ग्रुप (नेपाल) प्रा. लि. सँग सम्बन्धित नेशनल हाईड्रो पावर कम्पनी लि. बाट २०६९ आषाढ मसान्तमा अन्य बैंकहरूसँगको सहवित्तीयकरण कर्जा मात्र रू. ८.१८ (गतवर्ष रू. ९.९७) करोड उठाउन बाँकी रहेको छ।

ढ) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाको विवरण :

**सञ्चालकहरूलाई प्रदान गरिएको सुविधाहरू:**

बैंकको नियामवली अनुसार प्रत्येक बैठक भत्ता वापत अध्यक्षलाई रू. ५,०००/- र सञ्चालकहरुलाई रू. २,५००/- भुक्तानी दिने गरिएको छ। समीक्षा अवधिमा सञ्चालकहरूलाई बैठक भत्ता वापत जम्मा रू. ६,८७,५००/- प्रदान गरिएको छ।

बैठक भत्ता वाहेक अध्यक्षलाई मोबाईल तथा टेलिफोनका लागि बिल बमोजिमको वास्तविक खर्च रकम उपलब्ध गराइएको छ। सञ्चालकहरुलाई मोवाईल तथा टेलिफोनका लागि बिल बमोजिम अधिकतम मासिक रू. २,५००/- उपलब्ध गराइएको छ।

कार्यकारी प्रमुख तथा अन्य कार्यकारी पदाधिकारी/व्यवस्थापकहरूको वार्षिक तलव, भत्ता सुविधाहरू :

| क्र.सं. | विवरण | **कार्यकारी सञ्चालक** (२०६८ श्रावण १ गते देखि २०६८ पौष १३ गतेसम्म) | **प्रमुख कार्यकारी अधिकृत** (२०६८ पौष १४ गतेदेखि २०६९ आषाढ मसान्तसम्म) | **अन्य कार्यकारी पदाधिकारी/व्यवस्थापक** |
|---|---|---|---|---|
| १. | तलव | १४,३९,८३३/- | २६,६६,०६७/- | १,५७,३५,१५७/- |
| २. | भत्ता | ७,०००/- | - | ८३,४८,४७४/- |
| ३. | दशैं खर्च | १,९५,८०६/- | - | १९,११,४८३/- |
| ४. | सञ्चयकोष | - | - | ११,२९,११८/- |
| **जम्मा रकम रु.** | | **१६,४२,६३९/-** | **२६,६६,०६७/-** | **२,७१,२४,२३२/-** |

कार्यकारी सञ्चालक/प्रमुख कार्यकारी अधिकृतलाई मोबाईल/टेलिफोनका लागि वास्तविक खर्च बिल बमोजिम तथा चालक, इन्धन र सवारी साधन उपलब्ध गराइएको छ। साथै बैंकको नियम बमोजिम व्यक्तिगत दुर्घटना वीमा गरिएको छ।

ण) शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांश रकम छैन।

एस. सी. लाल एसोसिएटस
**S. C. LAL ASSOCIATES**
Chartered Accountants

**शेयरधनी महानुभावहरूलाई स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

हामीले ***श्री नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड*** को २०६९ *आषाढ* मसान्तको वासलात र उक्त मितिमा समाप्त भएको आर्थिक वर्षको सम्बन्ध नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन लेखापरीक्षण गरि कम्पनी ऐन, २०६३ को दफा १११(१) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६३ मा उल्लेख भए अनुसार निम्न बमोजिमको प्रतिवेदन दिएका छौं।

*व्यवस्थापनको दायित्व*

लेखा, आन्तरिक नियन्त्रण तथा वित्तीय विवरण सम्बन्धि प्रणाली तथा ढाँचाको विकास तथा कार्यान्वयन कम्पनीको व्यवस्थापनको दायित्व हो। कम्पनीको व्यवस्थापनको दायित्व अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी र त्रुटिपूर्ण तथ्यमा त्रुटि रहित छ भनी वित्तीय विवरण तयारी र प्रस्तुतीकरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, लेखानीतिको छनौट तथा कार्यान्वयन, एवं लेखा सम्बन्धी महत्वपूर्ण अनुमानहरु पर्दछन्।

*लेखापरीक्षकको दायित्व*

हाम्रो कार्य कम्पनीले गरेको लेखाको जाँच एवं कागजातहरू माथि नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण गरि प्रस्तुत वित्तीय विवरण उपर मन्तव्य व्यक्त गर्नु रहेको छ। उपरोक्तानुसार सम्पन्न भिन हामीले उपरोक्त वित्तीय विवरणहरू नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण गरेका छौं। उपरोक्त मान अनुसार वित्तीय विवरणहरूमा उल्लेखनीय भ्रमपूर्ण विवरण छ छैन निश्चित गर्न उचित योजना बनाई लेखापरीक्षण कार्य गर्नु पर्दछ। लेखापरीक्षण अन्तर्गत लेखा तथा सम्बन्धित कागजातहरूको छड्के जाँचका आधारमा वित्तीय विवरणहरूमा खुलाइएका तथ्य, अपनाइएका लेखानीतिहरु, व्यवस्थापनद्वारा अनुमान गरिएका सम्पत्ति तथा दायित्वको परिमाणीकरण एवं आर्थिक विवरणहरूको प्रस्तुतीकरणको मूल्याङ्कन गरिन्छ।

*स्वतन्त्रता*

लेखापरीक्षणको क्रममा हामीले नेपालमा प्रचलित तथा लागू रहेका स्वतन्त्रता सम्बन्धि व्यवसायिक आचरण र आवश्यकताहरूको पालन गरेका छौं।

*लेखापरीक्षण मन्तव्य*

(क) कमिशन, शुल्क ओगटाई नेपाल लेखामान ०७ को दफा १४ मा उल्लेख भए अनुसार आम्दानी जनाइएको छैन।

(ख) नेपाल लेखामान ०७ को दफा ३०(ग) मा उल्लेख भए अनुसार ब्याजलाई सेयर दायित्वको व्यावहारिक प्राप्त गर्ने अधिकार स्थापना भएको समयमा आम्दानी जनाउनु पर्नेमा नगद प्राप्त भएको वर्षमा आम्दानी जनाउने नीति लिइएको छ।

(ग) नेपाल लेखामान ०९ को दफा ७८(ग) मा उल्लेख भए अनुसार वित्तीय विवरण बमोजिमको नाफा र आयकर खर्च बिचको सम्बन्ध वित्तीय विवरणमा खुलाइएको छैन।

(घ) नेपाल लेखामान १९ मा उल्लेख भए अनुसार प्रमुख व्यवस्थापकीय कर्मचारी, सम्बद्ध पक्ष संगको कारोबार बारे विवरण वित्तीय विवरणमा खुलाइएको छैन।

*(ङ) वित्तीय विवरण संग संलग्न लेखा संग सम्बन्धित टिप्पणी (अनुसूची ३३) को बुंदा नं. २९ मा उल्लेख भए बमोजिम [illegible] आवश्यक व्यवस्था गरिएको छ।*

*(च) वित्तीय विवरणमा गरिएको आयकर व्यवस्था कम्पनीले तयार गरेको आयकर विवरणमा देखिएको आयकर दायित्व भन्दा रु. १२८ हजारले बढी रहेको छ।*

हाम्रो रायमा र हामीले जाने बुझे सम्म तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा संलग्न वासलातले माथि (क) देखि (च) मा उल्लेख भएको व्यहोराहरूको असर पर्ने बाहेक बैंकको २०६९ आषाढ मसान्तको यथार्थ आर्थिक अवस्थाको एवं संलग्न नाफा नोक्सान हिसाब र अन्य नगद हिसाबहरुले सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कारोबार नतीजा तथा नगद प्रवाह विवरणले नगद प्रवाहको समुचित चित्रण गर्दछ।

S. C. LAL ASSOCIATES

member of msi Global Alliance

Jwagal, Kopundole, Lalitpur, Nepal.
P. O. Box No 9222, Kathmandu, Nepal

सी. लाल एशोसिएट्स
C. Lal Associates

**नेपाल कम्पनी ऐन २०६३ मा उल्लेखित प्रावधानहरु बमोजिमको प्रतिवेदन**

१. लेखापरीक्षणकोलागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

२. हाम्रो रायमा पेश भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु तोकिएको ढाँचा र तरिका अनुरुप तयार भएको छ र उक्त वित्तिय विवरणहरु कम्पनीले राखेको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेको छ ।

३. कम्पनीको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखा प्रचलित कानून बमोजिम राखिएको छ

४. कम्पनीको कुनै पदाधिकारीले कानून विपरीत कुनै कामकाज वा बेहिसाब वा अनियमित कार्य वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन ।

५. हाम्रो रायमा संस्थाको कारोबार सन्तोषजनक रुपबाट संचालन भएको छ ।

**बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा उल्लेखित प्रावधानहरु बमोजिमको प्रतिवेदन**

१. संस्थाको पूँजी कोष र जोखिम व्यहोर्ने कोष पर्याप्त मात्रामा रहेको छ ।
२. संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन विपरीत कार्य गरेको हाम्रो जानकारीमा आएको छैन ।
३. संस्थाले निक्षेपकर्ता र लगानीकर्ताको हित विपरीत कार्य गरेको हाम्रो जानकारीमा आएको छैन ।
४. संस्थाका कार्यालयहरुबाट प्राप्त विवरणहरु लेखापरीक्षणकालागि पर्याप्त रहेको छ ।

**नेपाल लेखामानको अनुपालन**

मन्तव्यमा उल्लेख भए अनुसार केही लेखामानको पालना नभएकोले वित्तिय विवरण नेपाल लेखामान अनुसार रहेको छैन ।

सि. एस. बी. लाल एशोसिएट्स,
चार्टर्ड एकाउन्टेन्ट्स




सिए ... लाल

ललितपुर
मिति २०६९/९/२७

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## वासलात

२०६९ साल आषाढ ३१ गते

रूपैयामा

| पूँजी तथा दायित्व | अनुसूची | आषाढ ३१, २०६९ | आषाढ ३२, २०६८ |
|---|---|---|---|
| १. शेयर पूँजी | १ | १,४७,००,००,००० | १,४०,००,००,००० |
| २. जगेडा तथा कोषहरू | २ | ४५,२५,८१,८९१ | ३४,४२,४१,२३३ |
| ३. ऋणपत्र तथा बण्ड | ३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४ | - | ३७,४८,००,००० |
| ५. निक्षेप हिसाब | ५ | १६,४८,५३,५७,४७० | १०,९५,१४,३१,८९० |
| ६. भुक्तानी दिनुपर्ने बिलहरू | ६ | १,४१,०२,६१२ | ८५,५७,७६९ |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | ३६,८४,२११ | - |
| ८. आयकर दायित्व | | - | २,११,३८,३७१ |
| ९. अन्य दायित्व | ७ | १६,८९,६६,८२५ | १३,५८,७१,९५१ |
| **कुल पूँजी तथा दायित्व** | | **१८,५९,४६,९३,००९** | **१३,२३,६०,४१,२१४** |

| सम्पत्ति | अनुसूची | आषाढ ३१, २०६९ | आषाढ ३२, २०६८ |
|---|---|---|---|
| १. नगद मौज्दात | ८ | ६४,७२,०७,९७८ | ४२,०५,३६,३७८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ९ | १,३३,९८,२२,३३६ | १,०७,१७,२५,९८० |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १० | २९,५२,०२,१९९ | २४,३६,०५,१५४ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ११ | १०,७७,५५,५८८ | ८,०२,९४,६५२ |
| ५. लगानी | १२ | ३,०८,०७,७८,१७१ | २,०३,२५,३३,९१० |
| ६. कर्जा, सापट तथा बिल खरिद | १३ | १२,४४,३१,०८,४५७ | ८,८३,५१,९३,८६८ |
| ७. स्थिर सम्पत्ति | १४ | ३४,३२,२४,३७६ | ३१,०१,४४,०५२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | १५ | - | - |
| ९. अन्य सम्पत्ति | १६ | ३३,७५,९३,९०४ | २४,२०,०७,२२० |
| **कुल सम्पत्ति** | | **१८,५९,४६,९३,००९** | **१३,२३,६०,४१,२१४** |

१ देखि १७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अंग हुन् ।

द.
**कबिन्द्र दाहाल**
प्रमुख वित्त अधिकृत

द.
**रमेश राज अर्याल**
प्रमुख सञ्चालन अधिकृत

द.
**अमृत चरण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द.
**बासुदेव गिरी**
सञ्चालक

द.
**गोविन्द प्रसाद पराजुली**
सञ्चालक

द.
**तीर्थ प्रधान**
सञ्चालक

द.
**नारायणराज तिवारी**
सञ्चालक

द.
**बद्री नारायण मानन्धर**
सञ्चालक

द.
**वेदमान सिंह मल्ल**
सञ्चालक

द.
**पृथ्वीराज लिगल**
अध्यक्ष

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**
द.
**सतीश चन्द्र लाल, एफसीए**
एस.सी.लाल एसोशिएट्स,
चार्टड एकाउन्टेन्ट्स्

मिति : २०६९/०९/२७

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## नाफा नोक्सान हिसाब

### मिति २०६८ श्रावण १ गते देखि २०६९ आषाढ ३१ गतेसम्मको

रूपैंयामा

| विवरण | अनुसूची | आ. व. २०६८/६९ | आ. व. २०६७/६८ |
|---|---|---|---|
| १. ब्याज आम्दानी | १८ | १,५१,९१,६३,१४० | १,३४,२८,६५,७४४ |
| २. ब्याज खर्च | १९ | १,०५,०२,९५,२०७ | ८७,३२,८२,९६९ |
| **खुद ब्याज आम्दानी** | | **४६,८८,६७,९३३** | **४६,९५,८२,७७५** |
| ३. कमिशन तथा डिस्काउण्ट | २० | ५,५६,२०,८४७ | ४,९२,२३,३४१ |
| ४. अन्य सञ्चालन आम्दानी | २१ | ६,७२,३१,६८१ | ४,९४,८३,७७४ |
| ५. सटही घटबढ आम्दानी | २२ | १,७५,५२,३६८ | १,०३,४२,६६१ |
| **कुल सञ्चालन आम्दानी** | | **६०,९२,७२,८२९** | **५७,८६,३२,५५१** |
| ६. कर्मचारी खर्च | २३ | १४,६३,०४,३६१ | १०,८३,१४,२६७ |
| ७. अन्य सञ्चालन खर्च | २४ | १५,६६,९६,९५४ | १२,२२,९६,९८० |
| ८. सटही घटबढ नोक्सान | २२ | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **३०,६२,७१,५१४** | **३४,८०,२१,३०४** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २५ | १७,८९,०९,९४५ | ६,७०,३१,२७२ |
| **सञ्चालन मुनाफा** | | **१२,७३,६१,५६९** | **२८,०९,९०,०३२** |
| १०. गैर सञ्चालन आम्दानी/(नोक्सान) | २६ | (१,३१,०३,३७३) | १,०६,८३,५९० |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २७ | १७,१३,२०,४४५ | ६,९९,५९,६४४ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | | **२८,५५,७८,६४१** | **३६,१६,३३,२६६** |
| १२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | २८ | (२,२५,५७,९९५) | (१,१६,८०,५६७) |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **२६,३०,२०,६४६** | **३४,९९,५२,६९९** |
| १३. कर्मचारी बोनस व्यवस्था | | २,३९,१०,९६८ | ३,१८,१३,८८२ |
| १४. आयकर व्यवस्था | | ६,१४,८९,१४२ | ९,७२,५५,७०६ |
| - यस वर्षको कर व्यवस्था | | ६,७५,१२,४९२ | ९,८४,९२,०७३ |
| - विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| - यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | | (६०,२३,३५०) | (१२,३६,३६७) |
| **खुद नाफा/(नोक्सान)** | | **१७,७६,२०,५३६** | **२२,०८,८३,१११** |

१८ देखि २८ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।

द.
**कबिन्द्र दाहाल**
प्रमुख वित्त अधिकृत

द.
**रमेश राज अर्याल**
प्रमुख सञ्चालन अधिकृत

द.
**अमृत चरण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द.
**बासुदेव गिरी**
सञ्चालक

द.
**गोविन्द प्रसाद पराजुली**
सञ्चालक

द.
**तीर्थ प्रधान**
सञ्चालक

द.
**नारायणराज तिवारी**
सञ्चालक

द.
**बद्री नारायण मानन्धर**
सञ्चालक

द.
**वेदमान सिंह मल्ल**
सञ्चालक

द.
**पृथ्वीराज लिगल**
अध्यक्ष

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**
द.
**सतीश चन्द्र लाल, एफसीए**
एस.सी.लाल एसोशिएट्स,
चार्टड एकाउन्टेन्ट्स्

मिति : २०६९/०९/२७

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## नाफा नोक्सान बाँडफाँड हिसाब

### मिति २०६८ श्रावण १ गते देखि २०६९ आषाढ ३१ गतेसम्मको

**रूपैंयामा**

| विवरण | अनुसूची | आ. व. २०६८/६९ | आ. व. २०६७/६८ |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | | - | - |
| २. यस वर्षको मुनाफा | | १७,७६,२०,५३६ | २२,०८,८३,१११ |
| ३. सटही घटबढ कोष | | - | - |
| **जम्मा** | | **१७,७६,२०,५३६** | **२२,०८,८३,१११** |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | ४,०५,०६,७५३ | २०,८८,४७,३३१ |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ३,५५,२४,१०७ | ४,४१,७६,६२२ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी कोष | | - | - |
| ८. प्रस्तावित लाभांश* | | ३६,८४,२११ | - |
| ९. प्रस्तावित बोनस शेयर जारी | | ७,००,००,००० | - |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | ३७,४७,९५२ | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूँजी समायोजन कोष | | - | - |
| १४. लगानी समायोजन कोष | | - | ६९,३३,५०० |
| १५. स्थगन कर जगेडा कोष | | ६०,२३,३५० | १२,३६,३६७ |
| १६. गत वर्षको समायोजन | | (४४,०४,३३३) | १,९६,०४४ |
| **जम्मा** | | **१५,५०,८२,०४०** | **२६,१३,८९,८६४** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | | **२,२५,३८,४९६** | **(४,०५,०६,७५३)** |

* जारी हुने बोनस शेयरको आयकर व्यवस्थाको लागि नगद लाभांश प्रस्ताव गरिएको छ ।

द.
**कबिन्द्र दाहाल**
प्रमुख वित्त अधिकृत

द.
**रमेश राज अर्याल**
प्रमुख सञ्चालन अधिकृत

द.
**अमृत चरण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द.
**बासुदेव गिरी**
सञ्चालक

द.
**गोविन्द प्रसाद पराजुली**
सञ्चालक

द.
**तीर्थ प्रधान**
सञ्चालक

द.
**नारायणराज तिवारी**
सञ्चालक

द.
**बद्री नारायण मानन्धर**
सञ्चालक

द.
**वेदमान सिंह मल्ल**
सञ्चालक

द.
**पृथ्वीराज लिगल**
अध्यक्ष

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**
द.
**सतीश चन्द्र लाल, एफसीए**
एस.सी.लाल एसोशिएट्स,
चार्टड एकाउन्टेन्ट्स्

मिति : २०६९/०९/२७

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

## आ. व. २०६८/६९

रूपैंयामा

| विवरण | शेयर पूँजी | सञ्चित नाफा/ नोक्सान | साधारण जगेडा कोष | पूँजीगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| **शुरु मौज्दात** | **१,४०,००,००,०००** | **(४,०५,०६,७५३)** | **३४,२२,५५,८३७** | - | **८४,१२५** | **८,८५,९०४** | **९१,५५,१२०** | **३,२३,६७,०००** | **१,७४,४२,४१,२३३** |
| गत अवधिको समायोजन | - | ४४,०४,३३३ | - | - | - | - | - | - | ४४,०४,३३३ |
| लगानी जगेडामा स्थानान्तरण | - | - | - | - | - | - | - | - | - |
| **समायोजित शुरु मौज्दात** | **१,४०,००,००,०००** | **(३,६१,०२,४२०)** | **३४,२२,५५,८३७** | - | **८४,१२५** | **८,८५,९०४** | **९१,५५,१२०** | **३,२३,६७,०००** | **१,७४,८६,४५,५६६** |
| सम्पत्तिको पूनर्मूल्याङ्कनमा नाफा | - | - | - | - | - | - | - | - | - |
| लगानीको पूनर्मूल्याङ्कनमा नोक्सानी | - | - | - | - | - | - | - | - | - |
| विदेशी मुद्राको पूनर्मूल्याङ्कन | - | - | - | - | - | - | - | - | - |
| चालु वर्षको खुद नाफा/(नोक्सानी) | - | १७,७६,२०,५३६ | - | - | - | - | - | - | १७,७६,२०,५३६ |
| साधारण जगेडा कोषमा स्थानान्तरण | - | (३,५५,२४,१०७) | ३,५५,२४,१०७ | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | - | (३६,८४,२११) | - | - | - | - | - | - | ३६,८४,२११ |
| प्रस्तावित बोनस शेयर | ७,००,००,००० | (७,००,००,०००) | - | - | - | - | - | - | - |
| शेयर निष्काशनबाट प्राप्त प्रिमियम | - | - | - | - | - | - | - | - | - |
| लगानी जगेडामा स्थानान्तरण | - | - | - | - | - | - | - | - | - |
| सटही घटबढ कोष | - | (३७,४७,९५२) | - | - | - | ३७,४७,९५२ | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - | - | - | - | - | - | - |
| लगानी समायोजन कोष | - | - | - | - | - | - | - | - | - |
| स्थगन कर जगेडा | - | (६०,२३,३५०) | - | - | - | - | ६०,२३,३५० | - | - |
| अन्य | - | - | - | - | - | - | - | - | - |
| **अन्तिम मौज्दात** | **१,४७,००,००,०००** | **२,२५,३८,४९६** | **३७,७७,७९,९४४** | - | **८४,१२५** | **४६,३३,८५६** | **१,५१,७८,४७०** | **३,२३,६७,०००** | **१,९२,२५,८१,८९१** |

द.
**कबिन्द्र दाहाल**
प्रमुख वित्त अधिकृत

द.
**रमेश राज अर्याल**
प्रमुख सञ्चालन अधिकृत

द.
**अमृत चरण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द.
**बासुदेव गिरी**
सञ्चालक

द.
**गोविन्द प्रसाद पराजुली**
सञ्चालक

द.
**तीर्थ प्रधान**
सञ्चालक

द.
**नारायणराज तिवारी**
सञ्चालक

द.
**बद्री नारायण मानन्धर**
सञ्चालक

द.
**वेदमान सिंह मल्ल**
सञ्चालक

द.
**पृथ्वीराज लिगल**
अध्यक्ष

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**
द.
**सतीश चन्द्र लाल, एफसीए**
एस.सी.लाल एसोशिएट्स,
चार्टड एकाउन्टेन्ट्स्

मिति : २०६९/०९/२७

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## नगद प्रवाह विवरण

### मिति २०६८ श्रावण १ गते देखि २०६९ आषाढ ३१ गतेसम्मको

रूपैंयामा

| विवरण | आ. व. २०६८/६९ | आ. व. २०६७/६८ |
|---|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | **३०,४२,३२,३११** | **२९,१४,३१,७८६** |
| **१. नगद प्राप्ति** | **१,६८,२७,४८,६७९** | **१,४३,७७,३०,८८१** |
| १.१ ब्याज आम्दानी | १,५०,०६,५८,७६७ | १,३२,२७,९८,४९४ |
| १.२ कमिशन तथा डिस्काउन्ट आम्दानी | ५,५६,२०,८४७ | ४,९२,२३,३४१ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | २५,६०,५६१ | १,३२,६५,२७२ |
| १.४ अपलेखित कर्जाको असूली | ५,६६,७६,८२३ | २९,६०,००० |
| १.५ अन्य आम्दानी | ६,७२,३१,६८१ | ४,९४,८३,७७४ |
| **२. नगद भुक्तानी** | **१,३७,८५,१६,३६८** | **१,१४,६२,९९,०९५** |
| २.१ ब्याज खर्च | १,०६,२१,४८,५१५ | ८६,४७,०१,०१० |
| २.२ कर्मचारी खर्च | १२,७१,४१,१६३ | १०,३५,३८,८६० |
| २.३ कार्यालय सञ्चालन खर्च | १२,३४,६०,६९० | १०,१०,५९,२२५ |
| २.४ आयकर भुक्तानी | ६,५७,६६,००० | ७,७०,००,००० |
| २.५ अन्य खर्च | - | - |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | **६३,६९,०१,०२३** | **(९१,८५,६७,३९८)** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(४,८२,६२,२०,२३६)** | **(९६,७१,६९,६५०)** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | (२,७४,६०,९३६) | १,९६,५६,४९२ |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (१,०२,२५,०९,१२८) | (१४,५५,२०,४८४) |
| ३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | (३,७५,००,२८,९६२) | (८५,५५,०३,१४३) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (२,६२,२१,२१०) | १,४१,९७,४८५ |
| **सञ्चालन सम्बन्धी चालू दायित्व (कमी)/वृद्धि** | **५,४६,३१,२१,२५९** | **४,८६,०२,२५२** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ५,५३,३९,२५,५८० | १२,६७,३९,३३२ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| ३. अल्पकालीन सापटी (कमी)/वृद्धि | - | - |
| ४. अन्य दायित्वमा (कमी)/वृद्धि | (७,०८,०४,३२१) | (७,८१,३७,०८०) |
| **(ख) लगानी कारोबारमा नगद प्रवाह** | **(३,४९,६०,१४०)** | **१३,४९,३२५** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | (१९,६६,९५३) | ३,१८,६३,९०० |
| २. स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (६,५३,०८,७३६) | (३,७४,२८,१४९) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | ३,१३,५७,९८६ | ६०,१७,३१२ |
| ४. लाभांश आम्दानी | ४,८२,९०४ | ८,७३,७६२ |
| ५. अन्य | ४,७४,६५९ | २२,५०० |
| **(ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | **(३७,४८,००,०००)** | **१६,८२,२८,५००** |
| १. शेयर पूँजीमा वृद्धि/(कमी) | - | ३,२८,५०० |
| २. दीर्घकालीन ऋण (बण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | - |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | - | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | (३७,४८,००,०००) | १६,७९,००,००० |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **१,४९,९१,८०७** | **(२९,२२,६११)** |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **५४,६३,६५,००१** | **(४६,०४,८०,३९८)** |
| **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१,७३,५८,६७,५१२** | **२,१९,६३,४७,९१०** |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२,२८,२२,३२,५१३** | **१,७३,५८,६७,५१२** |

द.
**कविन्द्र दाहाल**
प्रमुख वित्त अधिकृत

द.
**रमेश राज अर्याल**
प्रमुख सञ्चालन अधिकृत

द.
**अमृत चरण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द.
**बासुदेव गिरी**
सञ्चालक

द.
**गोविन्द प्रसाद पराजुली**
सञ्चालक

द.
**तीर्थ प्रधान**
सञ्चालक

द.
**नारायणराज तिवारी**
सञ्चालक

द.
**बद्री नारायण मानन्धर**
सञ्चालक

द.
**वेदमान सिंह मल्ल**
सञ्चालक

द.
**पृथ्वीराज लिगल**
अध्यक्ष

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**
द.
**सतीश चन्द्र लाल, एफसीए**
एस.सी.लाल एसोशिएट्स,
चार्टर्ड एकाउन्टेन्ट्स्

मिति : २०६९/०९/२७

**नेपाल राष्ट्र बैंक**
**बैंक सुपरिवेक्षण विभाग**
गैर-स्थलगत सुपरिवेक्षण महाशाखा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. : ७३
फोन नं.: ४४१०१५८
आन्तरिक: २०४,२०५ र २०६
फ्याक्स नं.: ४४१४२०८
E-mail : bsdoffsite@nrb.org.np
Web Site: www.nrb.org.np

पत्रसंख्या:- बै.सु.वि./अफसाइट/एसिएम/३४/२०६९-७०

मिति २०६९/११/१०

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड
बागबजार, काठमाडौं।

विषय: लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्बन्धमा।

महाशय,

त्यस बैंकले प्रस्ताव गरे बमोजिम रु. ३६,८४,२११।- नगद लाभांश र रु. ७,००,००,०००।- बोनस शेयर वार्षिक साधारण सभाबाट पारित भएको अवस्थामा शेयरधनीहरुलाई वितरण गर्न स्वीकृति एवं आर्थिक वर्ष २०६८/६९ को वित्तीय विवरण र सो साथ संलग्न अनुसूचीहरु देहायको निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

१. लेखापरीक्षकले औंल्याएका देहायका कैफियतहरु सहित अन्य कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुन: दोहोरिन नदिने व्यवस्था मिलाउनु हुन।
   - कतिपय ऋणीलाई कर्जा प्रवाह गर्दा ऋणी कम्पनीको वित्तीय विवरणहरुमा लगातार ऋणात्मक नेटवर्थ देखिएता पनि कर्जा प्रवाह गर्ने तथा नवीकरण गर्ने गरेको।
   - कतिपय कर्जाहरुको भुक्तानी नियमित तथा कर्जा पूर्णरुपले सुरक्षित नभएको अवस्थामा समेत कर्जालाई नविकरण गर्ने गरेको।
   - ऐजेन्सी हिसाब मिलान तर्फ लामो अवधि देखि हिसाब मिलान गर्न बाँकी रहेको।

२. बैंकमा नेपाल बंगलादेश बैंकको संस्थापक शेयर लगानी (Cross Holding) रहेको देखिएकोले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि २०६९ को खण्ड ख को बुँदा ६ बमोजिम उक्त बैंकले पाउने नगद लाभांश तथा बोनस शेयर वितरण सो लगानी बिक्रि नगरेसम्म रोक्का राख्नु हुन।

३. यस बैंकबाट जारी गरिएको निर्देशन नं. १० को बुँदा नं. ७ मा उल्लेखित व्यवस्थाभन्दा बढी हुनेगरी संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीहरुलाई सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनस शेयर वितरण रोक्का राख्नु हुन।

उपरोक्त निर्देशनलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नु हुन अनुरोध गर्दछु।

भवदीय,

(बिमलराज खनाल)
उप निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक
   बैंक तथा वित्तीय संस्था नियमन विभाग।
२. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड,डेस्क।

## बैंकको प्रत्युत्तर

१. लेखापरीक्षकले औंल्याएका कैफियतहरु मध्ये कतिपय कैफियतहरु सुधार भइसकेका छन् र केही बाँकी कैफियतहरु सुधार हुने क्रममा रहेका छन्।
२. नेपाल बङ्गलादेश बैंक लि.को नाममा यस बैंकमा रहेको संस्थापक (Cross Holding) शेयर बिक्री भइसकेको छ।
३. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन नं. १० को बुदा नं. ७ मा उल्लेखित व्यवस्था बमोजिम नै गरिने छ।

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. को प्रबन्धपत्रमा प्रस्तावित संशोधन

| दफा | हालभईरहेको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५ (ग) | बैंकको तत्काल चुक्ता पूँजी रू. १,४०,००,००,०००/- (अक्षेरुपी रू. एक अरब चालिस करोड हुनेछ) । | बैंकको तत्काल चुक्ता पूँजी रू. १,४७,००,००,०००/- (अक्षेरुपी रू. एक अरब सतचालिस करोड) हुनेछ । | ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव गरिएकोले । |

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. को नियमावलीमा प्रस्तावित संशोधन

| नियम | हालभईरहेको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३१ १ (ग) | सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू. ५,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू. २,५००/- हुनेछ ।<br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाले सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू. १०,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू. ५,०००/- स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) | सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू. १०,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू. ७,०००/- हुनेछ । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभामा अध्यक्षले पाउने बैठक भत्ता रू. १०,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू. ५,०००/- गर्ने गरी समयानुकूल परिवर्तनका लागि प्रस्ताव पेश गरिएको र उक्त साधारण सभाले प्रस्तावित संशोधन स्वीकृत गरे अनुरुप सोही अनुसार सञ्चालक समितिका अध्यक्ष लगायत सदस्यहरुलाई बैठक भत्ता प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको बैठक भत्ता तथा सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोले हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका बैठक भत्ता तथा सुविधाहरुलाई समेत विश्लेषण गरी सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले समयानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुन: यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (घ) | बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br>नेपाल भित्र :<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम । | बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br>नेपाल भित्र :<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट काठमाडौं उपत्यकमा बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुलाई दैनिक भत्ता रू. २,०००/- पाउने गरी स्वीकृति भए अनुसार |

| | | | |
|---|---|---|---|
| | (आ) दैनिक भत्ता रू. ५००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम ।<br>उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छ ।<br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट दैनिक भत्ता वापत अध्यक्ष लगायत सञ्चालकहरुको लागि रू. २,०००/- स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) | (आ) दैनिक भत्ता रू. २,०००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम ।<br>उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छन् । | उक्त रकम प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोमा हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका दैनिक भत्ता रकमलाई विश्लेषण गरी सञ्चालकहरुको दैनिक भत्ता परिमार्जन गर्न आवश्यक देखिएकोले समयानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुनः यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (ङ) | सञ्चालकहरुले फोन वा मोबाईलको सुविधा पाउने छन् । फोन र मोबाईलको लागि अध्यक्षले मासिक बिल बमोजिम र सञ्चालकले रू. २,५००/- खर्च पाउनेछ । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुको मासिक रू. ५,०००/- खर्च स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) । | सञ्चालकहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको सुविधा पाउने छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुले मासिक रू. १०,०००/- खर्च पाउनेछन् । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट अध्यक्ष लगायत सञ्चालकले मासिक रू. ५,०००/- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि पाउने गरी स्वीकृति भए अनुसार उक्त रकम प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोमा हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिँदै आएका सुविधाहरुलाई विश्लेषण गरी सञ्चालकहरुको सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले समयानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुनः यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (च) | नभएको । | सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको लागि रू. ५,००,०००/- को औषधोपचार बीमा गरिने छ । | बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिँदै आएका सुविधाहरुलाई विश्लेषण गरी सञ्चालकहरुको सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले । |

## टिपोट :